FOCUS-NEPAL

# सामुदायिक उत्थान पद्धतिका लागि मञ्च (फोकस नेपाल)

नीलकण्ठ नगरपालिका-३, धादिङ



# वार्षिक प्रगति प्रतिवेदन

आर्थिक वर्ष : २०७८।०७९

# फोकस नेपाल धादिङको

## वर्तमान कार्यसमितिको विवरण



पार्वती राई खाँण
अध्यक्ष
नीलकण्ठ न.पा.-३, धादिङ



राजाराम सिटौला
उपाध्यक्ष
त्रिपुरासून्दरी गा.पा.-७, धादिङ



कबिन्द्र बुर्लाकोटी
महासचिव
पालुङटार न.पा.-९, गोरखा



तोला कुमारी पाठक
कोषाध्यक्ष
नीलकण्ठ न.पा.-१०, धादिङ



बिमला नेपाली
सचिव
ज्वालामुखी गा.पा.-६, धादिङ



खेम बहादुर पाठक
सदस्य
ज्वालामुखी गा.पा.-७, धादिङ



धनकुमारी गिंदेल मगर
सदस्य
ज्वालामुखी गा.पा.-७, धादिङ



एकराज छत्कुली
कार्यकारी निर्देशक
बेनिघाट रोराङ गा.पा.-७, धादिङ

# वार्षिक प्रगति प्रतिवेदन
## २०७८/०७९

**प्रकाशक**

FOCUS-NEPAL

**सामुदायिक उत्थान पद्धतिका लागि मञ्च धादिङ नेपाल**

नीलकण्ठ नगरपालिका-३, धादिङ

बागमती प्रदेश, नेपाल

फोन : ०१०-५२०५१९

Email: focusnepal@ntc.net.np

# धादिङ जिल्लाको नक्सा



रुबीभ्याली गाउँपालिका
केन्द्र आवोई सेर्तुङ-३
सेर्तुङ
लापा
तिप्लिङ
गंगाजमुना गाउँपालिका
केन्द्र फुलखर्क-३, लप्सीबोट बलौटा
बसेरी
रि
फ्र्यालाङ
बुढाथुम
फुलखर्क
मुलपानी
दार्खा
खनियाँबास गाउँपालिका
केन्द्र दार्खा-३, कुरी
सत्यदेवी
गुम्दी
त्रिपुरासुन्दरी गाउँपालिका
केन्द्र सल्यानटार गा.वि.स. भवन
आगिनचोक
सल्यानकोट
सल्यानटार
मार्पाक
त्रिपुरेश्वर
सेमजोङ
ज्यामरुङ
कटुञ्जे
नेत्रावती डबजोङ गाउँपालिका
केन्द्र सेमजोङ-६, तिखाढुङ्गा
चैनपुर
ज्वालामुखी गाउँपालिका
केन्द्र साँधभञ्ज्याङ
खरी
साङकोष
धुँवाकोट
मुरलीभञ्ज्याङ
नीलकण्ठ
नीलकण्ठ नगरपालिका
केन्द्र धादिङबेसी
ढोला
मैदी
नलाङ
सुनौलाबजार
खाल्टे
सिद्धलेक गाउँपालिका
केन्द्र बुङचुङ
सलाङ
कुम्पुर
कल्लेरी
गल्छी गाउँपालिका
केन्द्र भल्टार बैरेनी हाईवे
जोगीमारा
बेनिघाट
गोगनपानी
धुषा
गजुरी
बैरेनी
पिडा
मुस्थान
केवलपुर
जीवनपुर
छत्रेदेउराली
किराञ्चोक
थाक्रे
तसर्पु
बेनीघाट रोराङ गाउँपालिका
केन्द्र विशालटार बेनीघाट
नौबिसे
महादेवस्थान
गजुरी गाउँपालिका
केन्द्र गजुरी-१, हाईवे
थाक्रे गाउँपालिका
केन्द्र महादेवबेसी थाक्रे-३
धुनीबेसी नगरपालिका
केन्द्र जुगेडी नौविसे-४

# सम्पादकीय

**संयोजक**

श्री एकराज छत्कुली

**सदस्यहरू**

श्री प्रकाशचन्द्र न्यौपाने
श्री ध्रुवराज ज्ञवाली
श्री सागर थिताल
श्री मञ्जु दुवाडी
श्री इश्वर कडेल
श्री राजीप उपाध्याय
श्री हेमराज इटनी
श्री उमेश कडेल

**विशेष सल्लाहकारहरू**

श्री पार्वती राई खाण
श्री राजाराम सिटौला
श्री कविन्द्र बुर्लाकोटी
श्री विमला नेपाली
श्री तोलाकुमारी पाठक
श्री खेम बहादुर पाठक
श्री धनकुमारी गिंदेल मगर
श्री हेमराज छत्कुली

स्रोत र साधनको समुचित प्रयोग गर्दै मानवपयोगी आर्थिक क्रियाकलाप बाट मात्र सामाजिक रूपान्तरण तथा देशले परिवर्तनको फड्को मार्न सक्दछ। नेपाल जस्तो विकाशोन्मुख मुलुकमा राज्यको स्रोत तथा प्रयासले मात्र सम्भव नहुने हुँदा देश विकासको महत्वपूर्ण साझेदार एवं सरकारको सहयोगी हातको रूपमा गैन्ह सरकारी संस्थाहरू भिन्न भिन्न बिषयगत बिशिष्टता बोकेर छरिएर रहेका ग्रामीण र विपन्न बस्तीहरूमा कार्यरत छन् ।यसै परिवेशमा फोकस नेपाल विगत २० वर्षमा विभिन्न आरोह र अवरोह पार गर्दै जस्तोसुकै परिवेशमा पनि लक्ष्य अनुरूप आफुलाई क्रियाशिल गर्दै र अनुभवहरूलाई सिकाइको रूपमा ग्रहण गर्दै सिरोकारवाला तथा सहयोगी संस्थाहरूसँग हातेमालो गर्दै अगाडि बढीरहेको छ । परियोजना गतिविधिहरू सञ्चालन एवं कार्यान्वयनका दौरान पूर्वानुमान गरिएका समस्या र चुनौतीहरूको सामना गर्दै अगाडि बढ्नु त छँदैछ, अप्रत्याशित आइपर्ने व्यवधानहरूलाई समेत छिचोल्दै परियोजनाका सफल अवतरण र बहिर्गमनमा समेत संस्थाले राम्रो दक्षता हासिल गरेको छ। कोभिड १९ को त्रासदीबाट समग्र विश्वनै गुज्रीरहेको विषम परिस्थितिमा फेरि डेंगु जस्तो अर्को रोगको प्रकोपले बिस्तारै सामाजिक आर्थिक रूपले तङ्ग्रिदै गरेको जनजीवन थप आक्रान्त र त्रसित बनेको परिस्थिति विद्यमान छ। आइपर्ने हरेक असहजताहरूको परिस्थितिजन्य विश्लेषण गर्दै हामीले पनि आफ्ना गतिविधिहरूलाई सचेत र संयमित भई सञ्चालन र कार्यान्वयन गर्नुपरेको यथार्थ जग जाहेर नै छ। प्रतिकूलता भित्र पनि अनुकूलताको खोजी गर्दै उपलव्ध स्रोत र साधनको समुचित प्रयोग मार्फत लक्षित समूहहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सघाउने हाम्रो पुनित लक्ष्यलाई हरसम्भव सघाउने सबै सरोकारवालाहरू प्रति हामी कृतज्ञ छौ र आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा गर्दछौ।

बदलिदो आर्थिक, सामाजिक र राजनैतिक परिवेशमा सबैखाले गैन्ह सरकारी निकाय तथा सरोकारवालाहरूले आफ्ना परम्परागत सोंच र शैलीमा समेत समयानुकुल परिवर्तन र परिमार्जन गर्दै आर्थिक तथा सामाजिक समुन्नति भित्र्याउने तथा लक्षित समुदायको बृहत्तर हित प्रवर्द्धन गर्ने अर्जुनदृष्टिका साथ हातेमालो गर्दै सामाजिक रूपान्तरणमा सहभागी बन्नुको बिकल्प देखिदैन।

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं |
|---|---|---|
| १. | परिचय | १ |
| | १.१ परिकल्पना | १ |
| | १.२ ध्येय | १ |
| | १.३. लक्ष्य | १ |
| | १.४ उद्देश्य | १ |
| २. | संस्थागत जानकारी | २ |
| ३. | फोकस नेपालको विद्यमान नीति नियम तथा निर्देशिकाहरू | २ |
| ४. | आर्थिक वर्ष २०७८।०७९ का विकास साझेदार संस्थाहरू | २ |
| ५. | संस्थाको संगठनात्मक संरचना | ३ |
| ६. | आर्थिक वर्ष २०७८।०७९ मा सञ्चालित परियोजनाहरू | ४ |
| | ६.१ पशुवस्तुको मूल्य श्रृंङ्खलामा आधारित सानाकिसानहरूको संस्था सवलिकरण परियोजना | ४-९ |
| | ६.२ नेपालमा डिजिटल प्रविधि पहुँचमा लैङ्गिक अन्तर न्यूनिकरण परियोजना | १० |
| | ६.३ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना | ११-१२ |
| | ६.४ वैकल्पिक व्यवस्थापन पद्धति परियोजना | १३-१६ |
| | ६.५ खाद्य तथा पोषण सुधार आयोजना | १६-१७ |
| | ६.६ नेपाल जिविकोपार्जन तथा उत्थान शिलता कार्यक्रम | १८-१९ |
| ७. | संस्थाको यस आर्थिक वर्षको प्रमुख उपलब्धिहरू | २० |
| ८. | संस्थाको यस आर्थिक वर्षको प्रमुख चुनौतीहरू | २० |
| ९. | संस्थाको यस आर्थिक वर्षको प्रमुख सिकाइहरू | २१ |
| १०. | वर्तमान कार्यसमिति | २१ |
| ११. | संस्थापक सदस्यहरू | २१ |
| १२. | साधारण सदस्यहरू | २२ |
| १३. | आर्थिक वर्ष २०७८।०७९ मा कार्यरत कर्मचारीहरू | २३-४ |
| | अनुसूची-१, सफलताका कथाहरू | २५-२८ |
| | अनुसूची-२, आर्थिक वर्ष २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन | २९-३५ |

# अध्यक्षको मन्तव्य



वि.सं. २०५९ सालमा स्थापना भएको सामुदायिक उत्थान पद्धतिकालागि मञ्च (फोकस) नेपाल समाजमा पछि परेका समुदायको जीवनस्तरमा सुधार, दिगो विकास, उत्पादनका साधनमा सवैको सहज पहुँचको सुनिश्चितता गरी जीवनपयोगी सीपमा अभिवृद्धि गर्ने उद्धेश्यले स्थापना भएको एक गैह सरकारी संस्था हो । संस्थापक सदस्य भइ स्थापना कालदेखि नै उपाध्यक्षको जिम्मेवारी निभाउदै आएकोमा पाँचौ अधिवेशनबाट मलाइ प्राप्त सर्व सम्मत अध्यक्षको जिम्मेवारीलाई थप कुशलताका साथ सम्पादन गर्न म प्रतिवद्ध रहेको छु ।

२० औं वर्षको अनवरत यात्रामा यस संस्थाले थुप्रै उतार चढावहरू पार गर्दै आजको अवस्थामा आइ पुगेको छ ।स्थापना कालको पुर्वार्द्धमा देखिएका भौतिक व्यवस्थापनको लागि साधन स्रोत तथा जनशक्तिको अभाव तथा प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको पहिचान कायम राख्न गर्नु परेका कसरत, साझेदार संस्थाहरूको खोजी तथा समन्वय जस्ता प्रतिकूलतालाई समेत सहजता,अनुकुलता र अवसरको रूपमा ग्रहण गरी मौजूदा साधन र स्रोतको अधिकतम सदुपयोग गर्दै छोटो समयमा आफ्नो पहिचान कायम राख्न सफल हुनुमा जुन गौरवानुभूति मैले गरेको छु, यो सबैको श्रेय म तमाम सरोकार वाला, नेपाल सरकारका निकायहरू सम्पुर्ण लाभग्राही समुदाय तथा साझेदार संस्थाहरूसँग सहर्ष बाँडदै धन्यवाद दिन चाहन्छु ।

आवश्यकतााको पहिचान गर्दै सो अनुरूप कार्यक्रमहरू अगाडी वढाउने क्रममा खानेपानीवाट समस्याग्रस्त समुदायमा स्वच्छ खानेपानीको व्यवस्थापन, स्वास्थ्य सरसफाइमा सुधार, निम्न आय भएका समुदायको आयस्तर सुधार गर्न जिविकोपार्जनका कार्यक्रमहरू, जोखिमको पहिचान र विपद व्यवस्थापनमा सहयोग, सामुदायमा आधारित संस्थाको क्षमता विकास जस्ता कार्यक्रमहरूलाई अघि वढाउनको निम्ति यस आर्थिक वर्षमा आर्थिक तथा प्राविधिक रूपमा साझेदारी गर्ने हेफर इन्टरनेशनल नेपाल, हेफर प्रोजेक्ट नेपल, अक्सफाम, कारितास नेपाल, एफएओ, धुनिबेशी नगर पालिका धादिङ एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरू तथा नेपाल सरकारका विभिन्न निकायहरूको न्यानो साथ र सहयोगले संस्थाले आफ्नो लक्ष अनुरूप जुन सफलता प्राप्त गर्न सकेको छ, यसको लागि सम्पुर्ण सरकारी तथा गैह्र सरकारी निकायहरू, संस्थाको कार्यसमितिका सम्पुर्ण सहकर्मी सदस्यहरू, साधारण सदस्यहरू, कार्यकारी निर्देशक लगायत परियोजनामा संलग्न कर्मचारीहरू, सरोकारवाला व्यक्तित्वहरू, नागरिक समाज, सरकारको चौथो अंगको रूपमा परिचित सवै किसिमका सञ्चार जगत तथा शुभचिन्तकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु र आगामी दिनमा समेत गरीव, विपन्न, सीमान्तकृत समुदायको हितमा काम गर्दै अघि बढ्ने समाज रूपान्तरणको पूनीत यात्रामा यहाँहरू सबैको अमूल्य साथ, सहयोग र सदभावको अपेक्षा गर्दछु ।

**पार्वती राई खाँण**
**अध्यक्ष**

# कार्यकारी निर्देशकको मन्तव्य



सामुदायिक उत्थान पद्धतिका लागि मञ्च(फोकस नेपाल) २०५९ साल फाल्गुन २३ गते जिल्ला प्रशासन कार्यालय धादिङमा दर्ता भई २०५९ चैत्र २६ गते समाज कल्याण परिषद्मा आवद्धभई कार्यरत रही आएको छ । धादिङ जिल्ला बाहेक गोरखा, नुवाकोट, सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा समेत बिभिन्न समयमा कार्य गरेको अनुभव संगाले को छ । फोकस नेपालले विभिन्न सरकारी तथा विभिन्न अन्तराष्ट्रिय दातृ निकायहरूसंग हातेमालो गर्दै समुदायको आवश्यकता र प्राथमिकताको आधारमा विभिन्न क्षेत्रमा निरन्तर कार्य गर्दै आजसम्म आइपुग्दा संस्थाले २० औं वर्ष पार गर्दै क्रियाशील भइरहेको छ ।

जिल्लामा कार्यरत विभिन्न गैद्व सरकारी संघसंस्थाहरूको माभमा फोकस ने पालको आफ्नो छुट्टै पहिचान स्थापित छ । खानेपानी आयोजनाका निर्माण र मर्मत सम्भारको क्षेत्रमा अग्रणी र हँदैगर्दा पछिल्लो समयमा खानेपानी आयोजनाहरूको दिगोपनाकोलागि बैकल्पिक व्यवस्थापन पद्धति बिकसित गर्न ग्रामीण खानेपानी व्यवस्थापन बोर्डको परिकल्पना र कार्यान्वयनकोलागि समेत बहस, पैरवी र सहजीकरण गर्दै आएको छ । यसका अतिरिक्त राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न सञ्जालहरू जस्तै NEAR, DP-Net, NGO Federation मा समेत आफ्नो अर्थपूर्ण उपस्थिति जनाउदै गैद्व सरकारी संस्थाहरूको समस्या तथा आवाजहरूलाई मुखरित गर्दै आइरहेको छ । खानेपानी  तथा सरसफाइ,विपद जोखिम तथा न्यूनीकरण, कृषि, पशुपालन र पोषण प्रवर्द्धन लगायतका बिषयगत क्षेत्रहरूमा उल्लेखनीय कार्य सम्पादन गर्दै संस्थाले परम्परागत कार्यशैलीलाई क्रमश आधुनिक र प्रविधिमैत्री पद्धतिले बिस्थापन समेत गर्दै आइरहेको छ । आफ्ना हरेक परियोजनाहरूलाई लैंगिक मैत्री बनाउँदै कार्यान्वयन गर्न गराउन संस्था सचेत र प्रतिवद्ध रहीआएको छ ।

आर्थिक बर्ष २०७८/०७९ मा संस्थाले  अक्सफाम नेपाल, हेफर परियोजना नेपाल तथा कारितास नेपाल जस्ता अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाहरू तथा  कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय,खानेपानी तथा ढल व्यवस्थापन बिभाग, धुनीबेंसी नगरपालिका, बेनीघाट रोराङ गाउँपालिका, ज्वालामूखी गाउँपालिका लगायतका सरकारी निकायहरूसँगको निरन्तर समन्वयमा काम गर्दै आइरहेको छ ।

आ. व. २०७८/०७९ मा संस्थाले कृषि तथाजिविकोपार्जन, खानेपानी सरसफाई तथा स्वच्छता, कृषि उपजहरूको बजार प्रवर्द्धन, कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरणमा सहयोग, खानेपानी आयोजनाहरूको व्यवस्थापनमा तथा बैकल्पिक व्यवस्थापनमा सहयोग जस्ता कार्यक्रमहरू संचालन गरेको छ । कोभिड-१९ को बिश्वव्यापी महामारीले समग्र विश्व अर्थतन्त्र आक्रान्त भइ दातृ निकायहरूको साझेदारी व्यवस्थापन कोषमा समेत अधिक ह्रास आइरहेको सन्दर्भमा हाम्रो संस्थाले पनि परियोजनाहरू कटौती तथा कोष ह्रासको समस्या भोगिरहेको छ ।

सिमीत श्रोत र साधनका बाबजूद पनि परियोजना गतिविधिहरूलाई रचनात्मक रूपले सम्पन्न गर्न सदा दत्तचित्त र अग्रसर रहने अनुभवी र योग्य कर्मचारी टीमलाई यो अवसरमा धन्यवाद दिन चाहन्छु । संस्थाले आ.व.२०७८/०७९मा सम्पादन गरेका कार्यक्रमहरूलाई वार्षिक रूपमा नियमित प्रकाशन गरी  सरोकारवालाहरूलाई जानकारी गराउने उद्धेश्यले यस आ.व.मा पनि यो प्रतिवेदन तयार गरी प्रकाशनमा ल्याइएको हो । यसमा सान्दर्भिक एवं अर्थपूर्ण  सुझाव सहित प्रेरणा प्रदान गर्ने व्यवस्थापकीय टीम, सम्पुर्ण परियोजनाका कर्मचारी तथा प्रकाशन मण्डलका सवै सदस्यहरू प्रति आभार व्यक्त गर्दछु ।

**एकराज छत्कुली**
**कार्यकारी निर्देशक**

## १. परिचय (Introduction)

फोकस नेपाल, धादिङ २०५९ साल फाल्गुन २३ गते जिल्ला प्रशासन कार्यालय धादिङमा दर्ता भई धादिङ, नुवाकोट, गोर्खा, मकवानपुर, सिन्धुपाल्चोक लगायतका जिल्लाको ग्रामिण समुदायमा कार्य सञ्चालन गर्दै आइरहेको छ साथै यस संस्था मिति २०५९ साल चैत्र २६ गते समाज कल्याण परिषद्मा आबद्ध भएको हो ।

समुदायलाई अधिकतम  परिचालन गर्दै यस संस्थाले जनचेतना मुलक कार्यक्रम, जिविकोपार्जन कृषि तथा पशुपालन, सीप विकास सम्बन्धी तालीम, पूर्वाधार विकास खानेपानी तथा सरसफाई, बिद्यालय निर्माण एवं शिक्षा, विपद जोखिम ब्यवस्थापन, समाजमा पछाडि पारिएका समुदायको अधिकार प्राप्तीको लागि पैरवी साथै  शान्ति निर्माण प्रकृयाको क्षेत्रमा काम गर्दै आइरहेको छ । फोकस नेपाल, धादिङले संयुक्त राष्ट्र संघका निकाय, अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा राष्ट्रिय स्तरका गैह्र सरकारी संस्थाहरूको सहयोग मा ५६ वटा भन्दा बढि परियोजनाहरू सम्पन्न गरेको छ ।

संस्थाले आ.व. २०७८/०७९ मा सम्पादन  गरेका कार्यक्रहरू तथा त्यसवाट प्राप्त प्रतिफललाई संक्षिप्त रूपमा उल्लेख गर्ने अभिप्रायले विगतका वर्षहरूमा झै यो वर्ष पनि प्रकाशन गर्ने जमर्को गरिएको छ ।

### १.१. परिकल्पना (Vision) :-

"समतामूलक र समृद्ध नेपाल"

### १.२ ध्येय (Mission) :-

मानवीय, आर्थिक, प्राकृतिक र सामाजिक सम्पदाहरुको उचित परिचालन गरी सामाजिक रूपान्तरण गर्ने ।

### १.३ लक्ष्य (Goal) :-

लक्षित समुदायको जीवनस्तरमा सुधार गर्ने ।

### १.४ उद्देश्य (Objectives) :-

- समाजमा पछाडि पारिएका समुदाय, जनजाति, महिला, उत्पिडित, दलित विपन्न समुदायहरुलाई समेटी मानविय क्षमताको पहिचान गराई स्थानीय तहमा उपलब्ध स्रोत साधन र सीपको परिचालन गरी आत्मनिर्भर बनाउनको लागि काम गर्ने ।
- वन तथा वातावरण संरक्षण र सामाजिक एवं सामुदायिक विकास तथा आधारभूत भौतिक संरचना निर्माणको लागि समुदाय परिचालन गर्ने ।
- स्वास्थ्य, शिक्षा, मानव अधिकार, महिला तथा वाल अधिकार, लैंगिक समता, सामाजिक भेदभाव जस्ता सवालहरुमा जनचेतना जगाउने र बहस पैरवी गर्ने ।
- स्थानीय तहमा संगठित समुदायको वीचमा बचतको लागि उत्प्रेरणा जगाउने, आर्थिक परिचालनद्वारा कृषि पशुपालन र घरेलु उद्योगको क्षेत्रमा आयमूलक कार्यक्रम संचालन गर्ने । सीपमूलक, सेवामूलक र ज्ञानमूलक तालिम सेवा उपलब्ध गराउने ।
- सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक दैवी घटनाहरुबाट विस्थापित घर परिवार तथा बालबालिकाहरुलाई पुर्नस्थापनाको लागि प्रयास गर्ने ।
- स्थानीय स्तरमा संगठित भएका संघसंस्था, सहकारी र समूहहरुको क्षमता अभिवृद्धि गराउने तथा संस्थागत विकास गराउनको लागि आवश्यक प्राविधिक सहयोग गर्ने ।

- सरकारी एवं गैरसरकारी निकायहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।
- लक्षित समुदायको आर्थिक वृद्धि गर्न स्थानीय उत्पादनमा आधुनिकीकरण गर्ने, प्राविधिक एवं भौतिक सेवा उपलब्ध गराई उत्पादित वस्तुको मुल्यश्रृंखला र बजारीकरणको लागि सकारात्मक बतावरण तयार गर्न सहजीकरण गर्ने ।

## २. संस्थाको संस्थागत जानकारी

| | |
|---|---|
| DAO Regd No.: | 449/2059/060 |
| SWC Regd No.: | 14637 |
| PAN N0.: | 301668893 |
| Executive Committee member: | Total 7 Members (M-3, F-4) |
| General Member: | Total 33 Members (Founder Member M-6, F-1) M-14, F-12 |
| Staff: | Total 54 (M-33, F-21) |

## ३. फोकस नेपालको विद्यमान निति नियम तथा निर्देशिकाहरू :

1) Human Resource Policy
2) Financial Administration Policy
3) Procurement Policy
4) Anti-Fraud and Compliance Policy
5) Code of Condut on Child Protection
6) Commuication and Media Policy
7) Accountability Policy
8) Code of Conduct for Staff
9) Performance Appraisal Framework
10) Safety and Security Policy
11) GESI policy
12) WASH Policy
13) Ware house guideline
14) Covid 19 response guideline
15) Organizational Contingency plan
16) Monitoring, Evaluation, Accountability and Learning (MEAL)
17) Social Audit and Public Hearing Guideline

## ४. आ.व २०७८/०७९ का विकास साझेदार संस्थाहरू

| क्र.सं | साझेदार संस्थाको नाम | कैफियत |
|---|---|---|
| १. | नेपाल सरकार कृषि तथा पशु पंक्षी विकास मन्त्रालय | |
| २. | नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभाग | |
| ३. | धुनीबेसी नगरपालिका | |
| ४. | बेनिघाट रोराङ गाउँपालिका | |
| ५. | ज्वालामुखी गाउँपालिका | |
| ६. | अक्सफाम नेपाल | |
| ७. | हेफर इन्टरनेशनल, नेपाल | |
| ८. | हेफर प्रोजेक्ट नेपाल | |
| ९. | कारितास नेपाल | |

## ५. संस्थाको संगठनात्मक संरचना



## ६. आ.व. २०७८।०७९ मा सञ्चालित परियोजनाहरू

| क्र. सं. | परियोजनाको नाम | परियोजना अवधी | परियोजनाले समेटेका गा.पा. र न.पा. | लाभान्वित संख्या | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| १. | पशुवस्तुको मुल्यश्रृंखलामा आधारित सानाकिसानहरूको संस्था सबलीकरण परियोजना (SLVC II) | २०७५/०१/१८ देखि २०७९/०३ र १६ सम्म | धादिङ र नुवाकोट जिल्ला | ११७०९ | हेफर ईन्टरनेशनल नेपाल **HPIN** |
| २. | नेपालमा डिजिटल प्रबिधि पहुंचमा लैगिक अन्तर न्यूनिकरण परियोजना | अगष्ट २०२२ देखि निरन्तर | धादिङ र नुवाकोट जिल्लाका ६ वटा पालिका | ६५०० | हेफर ईन्टरनेशनल नेपाल HPIN |
| ३. | कृषि तथा पशु उद्यमशिलता विकास परियोजना (ALED) | जलाई २०२१ देखि जुन २०२३ सम्म | धुनिवेशी नगर पालिका, धादिङ | ११४१ घरधुरी | धुनिबेशी न.पा.र हेफर प्रोजेक्ट नेपाल |
| ४. | दिगो खानेपानी व्यवस्थापनका लागि वैकल्पिक व्यवस्थापन पद्धति (Alternative Management Model-AMM) परियोजना | भाद्र २०७७ देखि असार २०८० सम्म | वेनीघाट रोराङ्ग र ज्वालामुखी गाँउपालिका | १६८६ घरधुरी ८४३० जनसंख्या | अक्सफाम नेपाल |
| ५. | खाद्य तथा पोषण सुधार आयोजना (Food and Nutrition Security Enhancement Project -FANSEP) | फेब्रुवरी २०२० देखी जुन २०२३ सम्म | बेनिघाट रोराङ गाँउपालीका र गजुरी गाँउपालीका | ६४२९ घरधुरी | Global Agriculture and Food Security Programme (GAFSP) / Government of Nepal/FAO |
| ६. | नेपाल जीविकोपार्जन तथा उत्थानशिलता कार्यक्रम (Nepal Livelihoods and Resilience Program-NLRP) | सन् २००५ देखि निरन्तर रूपमा सञ्चालन हुदै आएको । | बेनीघाट रोराङ गाउँपालीका र निलकण्ठ नगरपालीका । | ४०६ | कारितास नेपाल |

## ६.१ पशुवस्तुको मुल्यश्रृंखलामा आधारित सानाकिसानहरूको संस्था सबलीकरण परियोजना

- परियोजना संचालन :- 18 May 2018 to 30 June 2022
- सहयोगी संस्थाः हेफर इन्टरनेशनल नेपाल
- आ.व.२०७८/०७९ को कुल बजेटः ७८,४४,८८७
- परियोजना क्षेत्र :- धादिङ र नुवाकोट जिल्ला

## कार्य क्षेत्र रहेका नगर तथा गाउं पालिकाहरु :

### धदिङमा :

- निलकण्ठ नगरपालिका, धुनिबेशी नगरपालिका, थाक्रे गाउँपालिका, बेनीघाटरोराङ गाउंपालिका, त्रिपरासुन्दरी गाउँपालिका, गल्छी गाउँपालिका र ज्वालामुखी गाउँपालिका गरि ७ वटा।

### नुवाकोटमा :

- बिदुर नगरपालिका, बेलकोटगढी नगरपालिका र पञ्चकन्या गाउँपालिका गरि ३ वटा

### परियोजनाको लक्ष्य ::

- परियोजनाबाट लक्षित परिवारः १४० वटा सहकारी बाट १ लाख २५ हजार परिवार प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन भने, ३ लाख ५० हजार परिवार अप्रत्यक्ष रूपमा लाभान्वित हुनेछन ।
- धदिङ र नुवाकोट जिल्लामा १३ वटा सहकारीका ११८८६ घर परिवार संख्या प्रत्यक्ष लाभान्वित हुनेछन भने अप्रत्यक्ष रूपमा ३८१२० घर परिवार लाभान्वित हुनेछन ।

### उद्धेश्यहरूः

- सहकारी र यसका सदस्यहरू बीच सामाजिक पूँजीको सुदृढिकरण गर्ने ।
- सहकारी सुशासन र वित्तिय व्यवस्थापनमा सुधार गर्ने ।
- सहकारीको व्यवसायिक र बजारीकरण सीपमा वृद्धि गर्ने ।









- सहकारीले संचालन गरेका व्यवसाय विकास सेवाहरूमा सुधार गर्ने ।
- सहकारीको खुद बचत तथा वित्तिय दिगोपना अभिबृद्धि गर्ने ।

## परियोजना मार्फत संचालन गरिएका मुख्य क्रियाकलापहरू

- समुह सञ्जाल अगुवाहरूको नियमित वैठक संचालन तथा सहजीकरण ।
- बजार प्रवर्द्धनका लागि सहकारी र खरिदकर्तासंग समन्वयात्मक बैठक संचालन तथा सहजीकरण ।
- केन्द्र, प्रदेश र स्थानिय तहसंगको समन्वय सहकार्य गरिएको छ । यस आ.ब.मा १३ वटा सहकारीहरूमा रू. ८०७३८९४ बराबरको सहयोग प्राप्त भएको छ ।
- १३ वटै सहकारीहरूबाट बाख्रा बजारीकरण ।
- पशु स्वास्थ्य कार्यकर्ता र सहाकारी बीच कार्ययोजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण ।
- सदस्यहरूको व्यबसाय प्रबर्द्धनमा प्राबिधिक सेवा, दाना, मल तथा बिउ बिजन र कृषि सामाग्रीहरू उपलब्धतामा सहयोग तथा सहजीकरण गरिएको छ ।
- कृषि तथा पशु संकलन केन्द्र निर्माणमा धादिङमा २ वटा सहकारी र नुवाकोटमा ४ वटा सहकारीहरूमा गरि ६ वटा सहकारीहरू दिपशिखा सहकारी, अपेक्षा सहकारी, आधारशिला सहकारी र अनुशासित सहकारी नुवाकोट र शितलचौतारा सहकारी, ज्वालामुखी सहकारी धादिङमा गरिएको ।
- सहकारीको संचालक समितिका नियमित बैठकहरूमा १३ वटै सहकारीमा बनेका निति नियमहरूमा छलफल तथा समिक्षामा सहजीकरण ।
- सहकारी क्षमता मापन कार्यशाला गोष्ठी र समिक्षा कार्यक्रम १३ वटा सहकारीमा संचालन सहजीकरण र कार्ययोजना निर्माण भएको ।
- धादिङ र नुवाकोट जिल्लाका परियोजना कार्यक्षेत्रमा रहेका १३ वटा सहकारीहरू मा सहकारीको वार्षिक पुस्तक प्रकाशनमा सहयोग तथा सहजीकरण गरिएको ।
- धादिङ र नुवाकोट जिल्लाका परियोजना कार्यक्षेत्रमा रहेका ५ वटा सहकारीहरूमा कृषि विकास बैंक, सानाकिसान बित्तिय संस्था, राष्ट्रिय सहकारी बैंक र माछापुच्छ्रे बिकास बैंक संगको समन्वय र सहकार्यमा ३९४ जना सदस्यहरूलाई ६२३००००० सुलभ कर्जा प्रवाह भएको ।
- सहकारीहरूको आन्तरिक पूँजी हालको अबस्थामा कम्तीमा रू १ लाख देखि ७ लाख सम्म पुगेको छ । पूँजी बृद्धीमा सबै सहकारीहरूले रणनितिक कार्ययोजना निर्माण तथा समिक्षामा सहजीकरण गरिएको छ ।
- धादिङ र नुवाकोट जिल्लाका परियोजना कार्यक्षेत्रमा रहेका ४ वटा सहकारीका २५० जना सदस्यहरूलाई तरकारी पकेट क्षेत्र बिस्तारमा बिउँ तथा सामाग्रीहरू सहयोग गरिएको छ ।
- धादिङ र नुवाकोट जिल्लाका परियोजना कार्यक्षेत्रमा रहेका १३ वटा सहकारीहरूमा स्थानीय जनप्रतिनिधिहरूको रोहवरमा परियोजना हस्तान्तरण तथा समापन कार्यक्रम संचालन गरिएको ।

## परियोजना क्षेत्रका सहकारीहरूको बिस्तृत बिवरण

| सहकारीको नाम | ठेगाना | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | अन्य रु. | जम्मा कोष रु. | ऋण लगानी जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था | थाक्रे गा.पा.९, धादिङ | १४७० | २०५४७२५० | २८४८४६५१ | १५०७३०९८ | ६४१०४९९९ | ६१८००००० |
| छत्रेदेउराली सामाजिक उद्यमी महिला सहकारी संस्था | धुनिबेशी न.पा.२ ,धादिङ | १४३८ | २०४५७१८५ | ३०७२४००१ | ८५११२०९ | ५९६९२३९५ | ५८३६९०२९ |
| संस्कार महिला कृषि सहकारी संस्था | गल्छीगा.पा.८ धादिङ | ४२२ | १५२०४०० | ७०३१३९० | १५५३४१० | १०१०५२०० | ८६०९९७० |
| दियालो साना किसान कृषि सहकारीसंस्था | बेनीघाटरोराङ गा.पा.२,धादिङ | ११८२ | ८५२०००० | ४०९००२५८ | १७२२४३२० | ६६६४४५७८ | ५७३७४७३६ |
| चैनपुर सामाजिक उद्यमी महिला सहकारी संस्था | ज्वालामुखी गा.पा.६, धादिङ | १४९६ | ४७३५१०० | २०१५७९०६ | ७०९२३१४ | ३१९८५३२० | ३०३१५३४१ |
| शितलचौतारा कृषि तथा पशुपालन सहकारी संस्था | निलकण्ठ न.पा.९, धादिङ | ५०७ | २७३३९०० | ५२३५०९४ | २३९४५२७ | १०३६३५२१ | १३६३७०१९ |
| ज्वालामुखी कृषि तथा पशुपालन सहकारी संस्था | निलकण्ठ न.पा.९, धादिङ | ४०७ | ३५७३५०० | ५९९९७०६ | ९७४४४७ | १०५४७६५३ | ९०९७४१९ |
| गरिमा महिला सानाकिसान कृषि सहकारी संस्था | त्रिपुरासुन्दरी गा.पा.३, धादिङ | ७२५ | ३५१५००० | ४८८४९०३ | ३६४८३४० | १२०४८२४३ | ८५५४०९० |
| सहायता सामाजिक उद्यमी महिला सहकारी संस्था | बिदुर न.पा.७, नुवाकोट | १०५६ | ५३००९०० | ८९०९१०७ | २८९१२७९ | १७१०१२८६ | १३५६३०२६ |
| दिपशिखा सामाजिक उद्यमी महिला सहकारी संस्था | बेलकोटगढी न.पा.११, नवाकोट | १३८२ | ८८४०५०० | २१८८८१८२ | ८४४५०१० | ३९१७३६९२ | ३२९६०४२१ |
| अपेक्षा सामाजिक उद्यमी महिला सहकारी संस्था | बेलकोटगढी न.पा.८, नवाकोट | ४७२ | २५६३१०० | ९५४९११६ | १९२४३०२ | १४०३६५१८ | १२१२७५१३ |
| आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था | पञ्चकन्या गा.पा.५, नुवाकोट | ६८७ | ३०९५१०० | ११७९३२४२ | ३०२१६०५ | १७९०९९४७ | १५०१७७५६ |
| आनुशासित सामाजिक उद्यमी महिला सहकारी संस्था | पञ्चकन्या गा.पा.३, नुवाकोठ | ४६५ | ४१६२००० | ६८६३४३२ | ७९०७६१४ | १८९३३०४६ | १६८८९३७५ |
| | जम्मा | ११७०९ | ८९५६३९३५ | २०२४२०९८८ | ८०६६१४७५ | ३७२६४६३९८ | ३३८३१५६९५ |

| सहकारीको नाम | सहकारीको समग्र क्षमता विकास | | | | | | | बिकसित अवस्था | हालको क्षमता मापनको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुशासन | मानव संसाधन व्यवस्थापन | वित्तीय व्यवस्थापन | सदस्य सेवा र व्यवसायिक गतिविधिहरु | समुदाय र सरोकारवालाहरुसंगको संलग्नता | व्यवसाय व्यवस्थापन | मूल्य-मान्यता (सांस्कृतिक) सम्बन्धी निपूर्णता | | जम्मा अंक | प्रतिशत | स्तर |
| आधारशिला सहकारी धादिङ | १६ | ६ | १५.६ | १२.४ | ७ | ७ | ६ | ९६ | ७० | ७२.४ | परिपक्व |
| छत्रेदेउराली सहकारी धादिङ | १३ | ५.३ | १५.६ | १२.४ | ६.५ | ८ | ७ | ९६ | ६७ | ७०.२१ | परिपक्व |
| संस्कार सहकारी धादिङ | १३ | ५.६ | १४.३ | ११.२ | ५ | ८ | ५ | ९६ | ६२ | ६४.४८ | परिपक्व |
| दियालो सहकारी धादिङ | १६ | ६ | १६ | १४ | ७ | ९ | ५ | ९६ | ७३ | ७५.६३ | परिपक्व |
| चैनपुर सहकारी धादिङ | १५ | ५.१ | १३.६ | १३.७ | ६ | ९ | ६ | ९६ | ६८ | ७०.८३ | परिपक्व |
| शितलचौतारा सहकारी धादिङ | १४ | ५.१ | १४.१ | ११.२ | ४ | ६ | ५ | ९६ | ५९ | ६१.८८ | परिपक्व |
| ज्वनलामुखी सहकारी धादिङ | १३ | ५.१ | १०.४ | ११.२ | ४ | ६ | ५ | ९६ | ५५ | ५७.०० | अपरिपक्व |
| गरिमा सहकारी धादिङ | १० | ४ | ११ | १०.२ | ४.८ | ५ | ४ | ९६ | ४९ | ५०.५२ | मध्यम |
| सहायता सहकारी नुवाकोट | १४ | ५ | १६.६ | १३ | ६ | ८ | ५ | ९६ | ६८ | ७०.५२ | परिपक्व |
| दिपशिखा सहकारी नुवाकोट | १२ | ५ | १५ | १०.५ | ६ | ७ | ५ | ९६ | ६१ | ६३.०० | परिपक्व |
| अपेक्षा सहकारी नुवाकोट | १४ | ६.५ | १८.१ | १२.८ | ६ | ८ | ६ | ९६ | ७२ | ७४.७९ | परिपक्व |
| आधारशिला सहकारी नुवाकोट | १६ | ६.५ | १७ | १२.२ | ६ | ७ | ५ | ९६ | ७० | ७२.६० | परिपक्व |
| आनुशासित सहकारी नुवाकोट | १५ | ६.५ | १५.६ | १३ | ६ | ७ | ५ | ९६ | ६८ | ७०.४२ | परिपक्व |

**सहकारीहरुमा भएका बलिया पक्षहरू :**

| सहकारीको नाम | आ.व. २०७५/२०७६ | आ.व. २०७८/२०७९ | कैफियत |
|---|---|---|---|
| सहकारी संस्था लि.हरू | A<br>B | B<br>C | १. बाख्राको बजारीकरण गरेको ।<br>२ कृषि ढुवानी सेवा संचालन गरेको ।<br>३ मलखादको बजारीकरण गरेको ।<br>४ बाख्रा वजारीकरण गरेको ।<br>५ घाँसको बिउ बजारीकरण गरेको ।<br>६ कृषि बिकास बैंक र अन्य बित्तिय संस्थासंग समन्वय गरि शेयर सदस्यहरूमा प्रत्यक्ष र थोक कर्जा लगानी गरेको ।<br>७ प्राविधिक सेवा संचालन गरेको ।<br>८ स्थानिय सरकार र सरकारी संस्था तथा अन्य संघ संस्थाहरू-संगको समन्वय साझेदारिमा सहकारीको संस्थागत विकासमा कार्यक्रम संचालन गरी सम्बन्ध विस्तार भएको ।<br>९ सहकारीले शुसाशनलाई ख्यालगरी सहकारीको मापदण्ड अनुसारका सहकारीमा कम्तीमा ९ देखि ११ वटा निति नियम तयार गरी कार्यन्वयन भएको ।<br>१० सहकारीको आफ्नै जग्गामा सहकारी भवन र कृषिजन्य तथा पशुजन्य बस्तुको संकलन केन्द्र निर्माण भएको ।<br>११ सहकारीको आर्थिक कारोवार लेखा सफ्टवयर मार्फत कार्य संचालन गर्न शुरूवात भएको ।<br>१२ सहकारीको आ.व. २०७७/२०७८ मा खुद नाफा रू. १ लाख देखि ४२ लाख सम्म गर्न सफल भएको ।<br>१३ सहकारीमा इन्टरनेटको सुविधा भएको ।<br>१४ सहकारीको व्यवसायिक योजना निर्माण तथा कार्यन्वयन भएको । |





## ६.२ नेपालमा डिजिटल प्रबिधि पहुँमा लैंगिक अन्तर न्यूनिकरण परियोजना (Bridging the Gender Digital Gap in Nepal)



- परियोजना संचालन :- **21 August 2021 to June 2022**
- सहयोगी संस्थाः हेफर इन्टरनेशनल नेपाल
- आ.व.२०७८/०७९ को कुल बजेटः १५०७२१०
- परियोजना क्षेत्र :- धादिङ र नुवाकोट जिल्ला

**कार्य क्षेत्र रहेका नगर तथा गाउं पालिकाहरू :**

निलकण्ठ नगरपालिका, बेनिघाट रोराङ गाउँपालिका र थाक्रे गाउँपालिका धादिङमा रहेका छन । यसै गरि विदुर नगर पालिका, बेलकोटगढी नगरपालिका र पञ्चकन्या गाउँपालिका नुवकोटमा रहेका छन ।

**परियोजनाको उद्देश्य :**

यस परियोजनाको मुख्य उद्देश्य ग्रामीण महिलाहरूको डिजिटल प्रबिधिमा पहुँच अभिबृद्धि गर्नाका लागि बिद्यमान अबरोधहरूलाई सम्बोधन गर्नू रहेको छ । उक्त उद्देश्य हासिल गर्न यस परियोजनाले निम्न ३ नतिजा क्षेत्रहरूमा गतिबिधिहरू संचालन गर्दै आएको छ ।

क) इ-चौतारी मार्फत धादिङ र नुवाकोट जिल्लाका ५७ हजार महिला किसानहरूको कृषि उद्यम प्रबर्धनका लागि कृषि बिस्तार र परामर्श सेवामा पहुँच बृद्धी गर्ने ।

ख) महिला किसाहरूको आबश्यकता अनुसार Geokrishi प्रबिधिका सुचनाको अध्याबधिक र सेवाहरू बिस्तार गर्नु ।

ग) कृषि विकास तथा सेवा बिस्तार योजना, उत्पादन सामाग्री र बजारीकरण प्रक्रियालाई महिला विकासमुखी बनाउन स्थानिय सरकार तथा निजि क्षेत्रलाई GeoKrishi प्रबिधि मार्फत डिजिटल सुचाना उपलब्ध गराउनु ।

यस परियोजनाका मुख्य क्रियाकलापहरूमा GeoKrishi प्रबिधिको व्यपक प्रयोगका लागि स्थानिय सरकारसंग समन्वय गर्नु, सेवा विस्तारका लागि प्प्रबिधिहरूको क्षमता विकास गर्नु, इ-चौतारी (e–Chautari) को स्थापना तथा प्रचार, प्रसार, किसानहरूको विबरण डिजिटल प्रबिधिमा अध्याबधिक गर्नु, नमूना महिला किसानहरूको नव उद्यम प्रवर्धन तथा सहयोग GeoKrishi प्रबिधिलाई उपयोगका हिसाबले प्रयोगकर्ता मैत्री बनाउदै लैजानु रहेका छन ।

## E-Chautari को परिचय :

समुदायमा तालिम प्राप्त व्यक्तिहरू मार्फत कृषि तथा पशु विकासका विबिध विषयहरूमा डिजिटल प्रबिधिका माध्यमबाट किसानहरूको क्षमता विकास गर्न इन्टरनेट तथा आबश्यक प्रबिधिको सुबिधा भएको साझा थलोलाई **e–Chautari** भनिन्छ । यस परियोजना मार्फत हरेक पालिका, वडा कार्यालय, सहकारी तथा अगुवा किसानहरूको तहमा **e–Chautari** को स्थापना गरिन्छ ।



**सम्पन्न गरिएका क्रियाकलापहरू :**

- पालिका स्तरमा परियोजना सम्बन्धी अभिमुखीकरण
- डिजिटल कृषि सहजकर्ता (DAF) छनोट तथा अभिमुखीकरण
- इ-चौतारी (e–Chautari ) स्थापना तथा अभिमुखीकरण
- पालिका स्तरमा समन्वय बैठक

## ६.३ परियोजनाको नामः कृषि तथा पशु उद्यमशिलता विकास परियोजना

कार्यक्षेत्र : धुनिबेशी नगरपालिकाको सबै वडाहरू
परियोजना अवधि : जुन २०२१ देखि जुन २०२३ सम्म
आर्थिक तथा प्राविधिक सहयोग : धुनिबेशी नगरपालिका र हेफर प्रोजेक्ट नेपाल
परियोजनाको बजेट : ४,००,००,०००
धुनिबेशी नगरपालिकाको तर्फबाट साझेदारी बजेट : ३,००,००,०००
हेफर प्रोजेक्ट नेपालको तर्फबाट साझेदारी बजेट : १,००,००,०००
लक्षित लाभान्वित परिवार संख्या : १६२४

### परियोजनाको लक्ष्य र उद्देश्य :

- यस परियोजनामा प्रत्यक्ष रूपमा आवद्ध १६२४ परिवारहरूको वार्षिक आम्दानीमा वृद्धी गरी जिविकोपार्जनमा सुधार गर्नु रहेको छ ।
- १६२४ साना किसानहरूलाई ५६ वटा महिला स्वावलम्बी समुहहरू बनाइ सहकारीमा संगठित गरी सामाजिक पूँजीको अभिवृद्धि गर्ने ।
- सुधारिएको बाख्रा व्यबस्थापन तथा उन्नत प्रबिधिको अनुसरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिबृद्धि गर्ने ।
- कृषि उपज तथा पशुवस्तुहरूको विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्ने ।
- परियोजना मार्फत उन्नत नश्लका विऊ बाख्रा र बोकाको वितरण, उन्नत घाँसको प्रवर्दन, कृषक परिवारहरूलाई प्राविधिक तथा सामाजिक तालिमहरू, महिला/स्वावलम्वी समूह गठन तथा परिचालन, सहकारी दर्ता र यसको सुदृढीकरण गरिने छ ।

### प्रमुख क्रियाकलापहरू

- नगरपालिका स्तरमा परियोजना अनुगमन तथा समन्वय समिति (PMCC) गठन तथा बैठक सम्पन्न ।
- धुनिबेशी नगरपालिकाको सबै वडाहरूमा परियोजना व्यवस्थापन समिति (PMC) गठन तथा बैठक सम्पन्न ।
- हाल सम्म १४ वटा मूल समूह, २६ वटा उपहार समूह र १ युवा समूह गरि जम्मा ४१ वटा स्वाबलम्बी समूहमा गरि १,०३२ घरधुरि प्रत्यक्ष रूपमा आवद्ध ।
- गठित स्वाबलम्बी समूहहरूमा आधारशिला, पशुको उचित व्यवस्थापन र समूह व्यावस्थापन तालीमहरू सञ्चालन ।
- समूहहरूमा मासिक छलफल तथा बचत बैठकहरू सञ्चालन ।
- ९ वटा वडा बाट १(१ जना गरि जम्मा ९ जना सामुदायिक कृषि तथा भेटनेरी उद्यमी (CAVE) छनोट, साथै CAVE उद्यमीलाई ४२ दिने तालिममा सहभागी गराई भेटनेरी उपकरण र बिउ पुँजि बापत औषधी सहयोग ।
- १४ वटा मूल समूह, ४ वटा उपहार समूह र श्री छत्रेदेउराली सामाजिक उद्यमी महिला सहकारी संस्था लि. लाई गरी जम्मा २८ वटा व्याडको बोका उपहार ।
- १० वटा मूल समूहका ११० जना सदस्यलाई २०० वटा बिउ पाठी उपहार ।
- समूहहरूमा सहभागीता मुलक स्व(समिक्षा तथा योजना तर्जुमा ९एक्व्ए० ।
- मूल समूह र उपहार समूहका सदस्यहरूलाई घाँसका बिरूवाहरू उपहार ।
- समूह सदस्यहरूलाई प्रविधि सँग जोड्नका लागि जियो कृषिको बारेमा अभिमुखिकरण साथै ई चौतारी गठन ।

## मुख्य उपलब्धिहरू

- समूह सदस्यहरूमा सकारात्मक सोचको बिकास।
- एक आपसमा मेलमिलाप, सदभाब र सहकार्य गर्दै सामुहिक कार्यहरू गर्ने गरेका छन। जस्तै सामुहिक आलु खेति, अदुवा खेति, प्याज खेति।
- सामुदायिक मठ मन्दिरहरू तथा सार्वजनिक स्थानहरूमा सरसफाई गर्ने गरेका छन।
- मासिक रूपमा बचत र छलफल बैठक बस्ने र बिभिन्न बिषय बस्तुहरूमा सामुहिक रूपमा छलफल गरि न्यायोचित निर्णय गर्न थालेका छन।
- समुह सदस्यहरूबाट आर्थिक अबस्था न्यून भएका सदस्यहरूलाई नगद तथा जिन्सी सहयोग गरेका छन।
- हाल भइरहेका खोरहरू नियमित सरसफाई गर्न थालेका छन।
- पशुको स्वाथ्य , आहारा र व्यबस्थापनमा सुधार गर्न थालेका छन्।
- जुका नाम्ले परजिवी बिरूद्धका औषधीहरू नियमित खुवाउन थालेका छन्।
- व्यवसायिक बाख्रा पालनका लागि सुधारिएको खोर निर्माण गर्न थालेका छन।
- मासिक रूपमा संचालन हुने समुहको बैठकमा पशु प्राबिधिकहरूबाट पशुपालनका बिबिध बिषयहरूमा छलफल गराउने र आबश्यकता अनुसार घरमा गई प्राबिधिक सेवा प्रदान।







## ६.४ बैकल्पिक व्यवस्थापन पद्धति (Alternative Management Model–AMM)

परियोजनाको नामः दिगो खानेपानी व्यवस्थापनका लागि बैकल्पिक व्यवस्थापन पद्धति (Alternative Management Model–AMM) परियोजना

सहयोगी संस्थाः अक्सफाम नेपाल

परियोजना अवधिः पौष २०७८ देखि असार २०८० सम्म

परियोजनाको बजेटः ५,२२,४८,६७८।-

### परियोजनाको मुख्य मुख्य उद्वेश्यहरू :

१. समुदायमा सुरक्षित खानेपानीको पहुँचको लागि खानेपानी आयोजनाहरूको वितरण प्रणालीमा सुधार गर्ने ।

२. खानेपानी आयोजनाहरूको दिगोपनाको लागि ग्रामीण खानेपानी ब्यवस्थापन बोर्ड,स्थानीय मर्मत सम्भार कार्यकर्ता, स्थानीय सरकार तथा नीजि क्षेत्रको क्षमता अभिवृद्धि गर्ने ।

३. खानेपानी आयोजनाहरूको दिगोपनाको लागि ग्रामीण खानेपानी ब्यवस्थापन बोर्ड गठन तथा सञ्चालनमा सहयोग तथा सहजीकरण गर्ने ।

४. स्थानीय सरकारलाई खानेपानी आयोजनाहरूको दीगो व्यवस्थापनमा सहयोग र सहजीकरण गर्ने ।

### मुख्य क्रियाकलापहरूः

- खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि रणनितिक योजना निर्माण को लागि गाउँपालिकासँग सहकार्य ।
- खानेपानी आयोजनाहरूको स्तरोन्नतिका लागि सर्भे डिजाइन, स्टिमेट र लागत साझेदारि मोडेल मार्फत मर्मत सुधार गर्दै एक घर एक धारा सहित आयोजनाहरुको स्तरीकरण ।
- खानेपानी आयोजना तथा उपभोक्ताको अनलाइन भूक्तानी प्रणाली को लागि क्युआर कोड तयार पार्ने र उपभोक्तालाई अनलाइन भूक्तानी प्रयोग गर्न अभिमुखीकरण
- ग्रामीण खानेपानी ब्यवस्थापन बोर्ड को लागि कार्यालय तथा सूचना प्रविधि र जनशक्ति व्यवस्थापनमा आर्थिक र प्राबिधिक सहयोग ।
- ग्रामीण खानेपानी व्यबस्थापन बोर्ड संचालन कार्यविधिहरूको मस्यौदा तयारीमा सहजिकरण .
- ग्रामीण खानेपानी व्यबस्थापन वोर्डको सुशासनको क्षेत्रमा सहकार्य गर्ने ।










गाउँपालिकासँगको लागत साझेदारीमा मर्मत सम्भार सम्पन्न तथा सम्झौता गरिएका खानेपानी आयोजनाहरू ।

| क्र.सं | आयोजनाको नाम | ठेगाना | लाभान्वीत घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १. | काफलस्वाँरा खानेपानी आयोजना | ज्वालामुखी १, काफलस्वाँरा | ७५ | सम्पन्न |
| २. | आमडाँडा खानेपानी आयोजना | ज्वालामुखी १, आमडाँडा | ३७ | सम्पन्न |
| ३. | आप्लाडाँडा खानेपानी आयोजना | ज्वालामुखी १, आप्लाडाँडा | ४४ | सम्पन्न |
| ४. | कमेरे रानागाउँ खानेपानी आयोजना | ज्वालामुखी १, कमेरे रानागाउँ | १२ | सम्पन्न |
| ५. | लाङघाली खानेपानी आयोजना | ज्वालामुखी १, लाङघाली | ३० | सम्पन्न |
| ६. | ठूलोस्वाँरा खानेपानी आयोजना | ज्वालामुखी २, ठूलोस्वाँरा | १२ | सम्पन्न |
| ७. | छतिवनडाँडा खानेपानी आयोजना | ज्वालामुखी २, छतिवनडाँडा | १४ | सम्पन्न |
| ८. | अमरावती खानेपानी आयोजना | ज्वालामुखी ३, अमराई स्याउली | ५९ | सम्पन्न |
| ९. | लप्सीपानी, कुवापानी अर्यालगाउँ खानेपानी आयोजना | ज्वालामुखी ४, अर्यालगाउँ | २० | सम्पन्न |
| १०. | धारापानी दलितवस्ती खानेपानी आयोजना | ज्वालामुखी ४, कामीडाँडा | ३९ | सम्पन्न |
| ११ | डुँडेगैरी पहिरे खानेपानी आयोजना | ज्वालामुखी ४, पुर्सु | ५० | सम्पन्न |
| १२. | रिपधारा खानेपानी आयोजना | ज्वालामुखी ५, छापथोक | ३८ | सम्पन्न |
| १३. | केराबारी खानेपानी आयोजना | ज्वालामुखी ५, छापथोक | २५ | सम्पन्न |
| १४. | खालीधारा भदुवार खानेपानी आयोजना | ज्वालामुखी ५, भदुवार | २२ | सम्पन्न |
| १५. | मालिंगे खानेपानी आयोजना | ज्वालामुखी ५, मालिंगे | २१ | सम्पन्न |
| १६. | निधिनिखोला काप्रीगाउँ खानेपानी आयोजना | ज्वालामुखी ५, काप्रीगाउ | ३७ | सम्पन्न |
| १७. | तिंदुधारा मगरबेसीगाउँ खानेपानी आयोजना | ज्वालामुखी ६, बेसीगाउँ | २९ | सम्पन्न |
| १८. | काउलेडाँडा खानेपानी आयोजना | ज्वालामुखी ६, तल्लो काउलेडाँडा | ४७ | सम्पन्न |
| १९. | गैरीखोला काउलेडाँडा खानेपानी आयोजना | ज्वालामुखी ६,माथिल्लो काउलेडाँडा | २७ | सम्पन्न |
| २०. | डाँडागाउँ दलितबस्ती खानेपानी आयोजना | ज्वालामुखी ६, डाँडागाउँ | २८ | सम्पन्न |
| २१. | चैनपुर, डाँडाथोक धारापानी खानेपानी आयोजना | ज्वालामुखी ७, चैनपुर | १६० | सम्पन्न |
| २२. | माथिल्लो ओर्बाङ्ग खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०३ | ५२ | सम्पन्न |
| २३. | रिचोक पँधेरा खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०४ | ३९ | सम्पन्न |
| २४. | धापखोला खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०६ | ४२ | सम्पन्न |
| २५. | मन्थली खानेपानी आयोजना | वेनीघाट रोराङ्ग १० | २१ | सम्पन्न |

| क्र.सं | आयोजनाको नाम | ठेगाना | लाभान्वीत घरधुरी | कैफियत |
|---|---|---|---|---|
| २६. | माथिल्लो जवाङ्ग खानेपानी आयोजना | वेनीघाट रोराङ्ग १० | ४९ | सम्पन्न |
| २७. | स्यादुल सिस्नेरी नवलथर खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०६ | ५० | सम्पन्न |
| २८. | चरौंदी धुषाटार खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०७ | ४०० | सम्पन्न |
| २९. | ठिङ्गमाङ्ग खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०९ | ४५ | सम्पन्न |
| ३०. | गोठिभञ्ज्याङ्ग खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०८ | ४७ | सम्पन्न |
| ३१. | फचिमटार खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०९ | २३ | सम्पन्न |
| ३२. | कात्राक खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०३ | २७ | सम्पन्न |
| ३३. | बागेश्वरी स्कुल रिचोकटार खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०३ | | सम्पन्न |
| ३४. | लोक्राती मझिमटार खानेपानी आयोजना | वेनीघाट रोराङ्ग ०९ | ४५ | सम्पन्न |











**आगामी प्राथमिकता (Upcoming priorities)**

- गाउँपालिका अन्तरगत गठित ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड कार्यान्वयन गर्न सहजिकरण गर्ने।
- स्थानीय स्तरका खानेपानी तथा सरसफाई का लागि कार्यरत मानव संसाधनको दक्षता अभिवृद्धि गरी बोर्डमा आबध्दताको लागि सहजिकरण गर्ने ।
- ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड सन्चालनको लागि आवधिक रूपमा जनशक्ति र प्रविधि व्यवस्थापनको लागि आर्थिक तथा भौतिक सहकार्य गर्ने ।
- खानेपानी आयोजना हरूलाइ ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड मा आबध्द गराउन सहजिकरण गर्ने ।
- खानेपानी आयोजनाहरूको नियमित मर्मत संभार तथा खानेपानी व्यवस्थापन बोर्ड को दिगो व्यवस्थापनमा स्थानिय सरोकारवालाहरूलाई आवश्यक बजेट बिनियोजनको लागि समन्वय गर्ने ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि रणनितिक योजना निर्माण को लागि सहकार्य गर्ने ।

## ६.५ परियोजनाको नाम : खाद्य तथा पोषण सुधार आयोजना (Food and Nutrition Security Enhancement Project -FANSEP)

**पृष्ठभूमि**

खाद्य तथा पोषण सुधार आयोजना, Global Agriculture and Food Security Program (GAFSP) को आर्थिक सहयोगमा संचालीत आयोजना हो। यस आयोजनाको संचालन नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्दछ र सुपरीवेक्षण कार्य विश्व बैंकबाट हुने गर्दछ। आयोजनाका कृयाकलाहरू संचालन प्राविधिक सहयोग संयुक्त राष्ट्रसंघ, खाद्य तथा कृषि संगठन (FAO) ले गरेको छ। धादिङ जिल्लामा बेनिघाट रोराङ गाँउपालीका र गजुरी गाँउपालीकामा २०७६ माघ महिना देखी कृषि, पशु तथा पोषणको क्षेत्रमा यो परीयोजनाले निरन्तर रूपमा कार्य गर्दै आइरहेको छ।

**सहयोगी संस्था** : FAO

**अवधी** : फेब्रुअरी २०२० देखी जुन २०२३ सम्म

**कार्यक्षेत्र** : बेनीघाट रोराङ गाउँपालिका र गजुरी गाउँपालिकाका सम्पुर्ण वडाहरू

**मुख्य लक्षित वर्ग** :

- आर्थिक र सामाजीक रूपमा पछि परेका महिला, भुकम्प र बाढी पिडित, गरिब, खाद्य असुरक्षित, विपन्न तथा सिमान्तकृत वर्गहरू रहेका छन्।

**आयोजना विकास लक्ष्य** :

- आयोजनाको प्रभाव क्षेत्रका लक्षित साना कृषक समुदायको जलवायु समयानुकुल सुधार, कृषि उत्पाद-कत्वमा वृद्धि र पोषण अवस्थामा सुधार ल्याउनु हो ।
- बजेट रू १,६३,४८,१०८ (अक्षरूपी एक करोड तीरसठ्ठी लाख अड्चालीस हजार एक सय आठ मात्र ) कर्मचारी विवरण : १२ जना (४ जना कृषि प्रविधिक, ४ जना पशु प्रविधिक, ४ जना आयोजना सहजकर्ता)

**उद्देश्य** :

- कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षामा सहयोग ।
- जलवायुमैत्री तथा पोषण मैत्री कृषि प्रविधिको अनुसरण र प्रचार ।
- साना कृषकहरूको आय आर्जन र विविधिकरण प्रबर्द्धन गरि बजारमा पहुँच बढाउनु ।



- पोषण स्थितिमा सुधार ल्याउनु ।
- कृषकहरूको क्षमता अभिवृद्धि गर्ने, उत्पादन समुह तथा स्वास्थ आमा समुहहरूको संस्थागत विकास तथा सवलिकरण गर्ने ।

## मुख्य क्रियाकलापहरु

- ग्रामीण कुखुरा, बाख्रा उत्पादन, दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम,
- बाली, तरकारी, पशुधन सम्बन्धि पाठशाला सञ्चालन,
- साना अनुदान कार्यक्रम सम्पन्न ।
- सीप अभिवृद्धि, अभिमुखीकरण तथा नेतृत्व विकास तालीम र कृषक समूहको भ्रमण ।
- पोषण सुरक्षा सुधार कार्यक्रम ।
- ग्रामीण बजार, हाट बजार र संकलन केन्द्रहरुको स्थापना तथा सुधार।
- Productive Alliance / Multi - Stakeholder Dialogue Platform को गठन ।
- बीउ उत्पादन समुहहरू तथा कृषकहरूललाई मल र बिउमा सहयोग जस्तै धान, गहुँ, मकै, कोदो, फापर, सिमि, आलु,गोलभेडा, भेडी,बोडी ।
- NARC द्वारा CSA, यान्त्रीकरण, विषदी र अन्य रसायनको व्यवस्थापन जस्ता प्रविधिको विकास गर्ने, कृषि प्रविधि प्रमाणीकरण तथा प्रविधि प्रदर्शन कार्यक्रम ।
- स्वास्थ्य आमा तथा पोषण समुहरूहरू लाई पौष्टिक खाद्य परिकार बनाउने, घरबारी पोषण बगैचा स्थापना, आदि सम्बन्धि अभिमुखिकरण तथा सीप विकास तालीम सम्पन्न ।







## ६.६. परियोजनाको नाम : नेपाल जीविकोपार्जन तथा उत्थानशिलता कार्यक्रम (Nepal Livelihood and Resilience Program-NLRP)

### पृष्ठभूमि

फोकस नेपालले कारितास अष्ट्रेलिया र अष्ट्रेलिएन एडको आर्थिक सहयोग प्राप्त गरी समाज कल्याण परिषद्को स्वीकृतमा "नेपाल जीविकोपार्जन तथा उत्थानशिलता कार्यक्रम" सन् २००५ देखि नै निलकण्ठ नगरपालिका, वेनिघाट रोराङ गाउँपालिका र गण्डकी गाउँपालिका गोरखाका केही वडाहरूमा सञ्चालन हुदै आएकोमा यस आ.व.मा गोरखा जिल्ला बाहेकका धादिङमा साविकमा सञ्चालित स्थानहरमा यो कार्यक्रम सञ्चालन भएको छ। कार्यक्रमले जिल्लाका किसानहरूले दिगोकृषिमा जोड दिई उत्पादनमा वृद्धि गर्नुका साथै स्वस्थ वाली उत्पादन गर्ने छन्, रासायनिक मल र रासायनिक विषादीको न्युनिकरण गरी कम्पोष्ट मल र वानस्पतिक विषादी बनाई आ-आफ्ना खेतवारीमा प्रयोग गर्नुका साथै शत्रुजीव र मित्रजीवको पहिचान गर्न सक्षम हुनेछन्।

सहयोगी संस्था : कारितास अष्ट्रेलिया र अष्ट्रेलिएन एड

बजेट : ९,०४,९४० (अक्षरूपि : नौ लाख चार हजार नौ सय चालीस मात्र)

अवधी : सन् २००५ देखि निरन्तर रूपमा सञ्चालन हुदै आएको।

**कार्यक्षेत्र** : बेनीघाट रोराङ गाउँपालीका र निलकण्ठ नगरपालीका।

### मुख्य लक्षित वर्ग :

- ग्रामीण तथा शहरी परिवारहरूमा आर्थिक आत्मनिर्भरता,उत्थानशिलता र समग्र उनीहरूको जिवनशैलीम सुधार ल्याउनु।

### आयोजना विकास उद्देश्यहरु :

- प्राथमिकतामा रहेको साना किसानहरू, युवा, सहकारीका सदस्यहरू तथा शारीरिक रूपले भिन्न क्षमता भएका व्यक्तिहरूको आय र जीविकोपार्जनमा टेवाका लागी उनीहरूको आय विविधता ल्हाउन सहयोग गर्ने।
- प्राकृतिक तथा मानव निर्मित प्रकोप जोखिम अनुकुलन, रोकथाम तथा न्यूनिकरणको लागी साझा अनुभवको आधारमा सामुदायिक साझेदारीको माध्यमबाट शसक्तिकरण गरी समुदायलाई उत्थानशिलता बनाउने।
- सम्पत्तिमा आधारीत विकासको अवधारणामा समुदायिक साझेदार र स्थानिय संस्थाहरूको सबल पक्ष पहिचान, उपयोग र वृद्धि गर्दै उक्त अवधारणा अनुसार स्थानिय श्रोत,साधन र क्षमताको परिचालन गर्न सहयोग गर्ने।





## मुख्य कृयाकलापहरू



- सफल आई पि एम कृषक समुहका दश जना कृषकहरूलाई रू बिष हजारको दरले बिउ खरीद तथा तरकारी खेती प्रोत्साहनको लागी जम्मा अक्षरूपि रू दुई लाख वितरण ।
- तरकारी खेतीमा सिकाइ स्रोत पाठशाला सञ्चालन ।
- कृषकहरूलाई बिउ वितरण कार्यक्रम ।
- आइपियम कृषक समुह छलफल ।
- जिल्ला सञ्जाल बैठक।
- सम्पतीमा आधारित सामुदायिक विकास सम्वन्धि २ दिने तालिम ।
- यौन शोषण तथा दुर्व्यवहार सम्वन्धि १ दिने तालिम ।
- रासायिनिक विषादी न्युनिकरण सम्वन्धि विद्यालय स्तरिय नाटक ।
- स्थानिय तहमा ४ पटक समन्वय बैठक।
- कोभिड न्यूनिकरण सामाग्री वितरण ।









## ७. संस्थाको यस आर्थिक वर्षको प्रमुख उपलब्धिहरू

- सहकारीको सुशासन आर्थिक व्यबस्थापन संस्थागत विकासमा चुस्त, दुरूस्त र व्यबस्थित गर्न सक्षम।
